

वागीश्वरी माविमा अध्ययनरत छात्रा कृयाकलापमा भाग लिदैं

# वागीश्वरी
## The Bagiswori



वागीश्वरी माविमा अध्ययनरत छात्रा प्रयोगात्मक अभ्यास गर्दै

वर्ष:१४ ✹ अङ्क: ३ ✹ मंगलवार, १७ असार २०८२ ✹ Tuesday, 1 July, 2025 ✹ मूल्य रु .५/-

# एसईई २०८१ मा वागीश्वरी मा.वि.को परिणाम उत्साहजनक

एसईई परीक्षा २०८१ को परीक्षाफलमा वागीश्वरी मा.वि.को नतिजा विगतका वर्षहरूमा जस्तै उत्साहजनक नै देखिएको छ । साधारणतर्फ कुल २९८मा ८४ जनाले ३.६० भन्दा माथिको जीपीए प्राप्त गरेका छन् भने ८४ जनाले नै ३.६० भन्दा मुनिदेखि ३.२० सम्म जीपीए ल्याएका छन् । त्यस्तै ८८ जनाले ३.२० भन्दा मुनिदेखि २.८० सम्मको जीपीए र १५ जनाले २.८० भन्दा मुनिदेखि २.४०सम्मको जीपीए ल्याएका छन् । अर्थात २७१ जना (९१ प्रतिशत) उत्तीर्ण भएका छन् ।

त्यस्तै प्राविधिकधारतर्फ कुल ३१ जनामध्ये ५ जना ३.६० भन्दा माथिका, १७ जना ३.६० भन्दा मुनि ३.२० सम्मका र ७ जना ३.२० भन्दा मुनि २.८० सम्मका रहेका छन् । अर्थात शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् भने खुलातर्फ १८ जनामध्ये १ जना मात्र जीपीए २.८५का साथ उत्तीर्ण भएका छन् ।

प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले प्राविधिक धारका सम्पूर्ण विद्यार्थी उत्तीर्ण भएको र साधारणतर्फ ३.९० भन्दा बढी जीपीएका ९ जना सहित २७१ जना (९१ प्रतिशत) विद्यार्थी ग्रेडेड भएकोमा अत्यन्त उत्साहित भएको बताउनुभयो । उहाँले भन्नुभयो -'यसको निम्ति खटेर सहयोगी शिक्षक-कर्मचारी, साथ दिने अभिभावक र अनुशासित विद्यार्थीहरूप्रति हार्दिक आभारीका साथ सफलताको श्रेय सबैमा बाँड्न चाहन्छु ।'

प्राविधिकधारबाट पहिलो पटक परीक्षामा सम्मिलित ३१ जना नै उच्च ग्रेडका साथ उत्तीर्ण भएका छन् भने खुला तर्फबाट १ जनामात्र उत्तीर्ण भएका छन् । सो सन्दर्भमा उहाँले पेशा, व्यवसाय गर्दै स्वाध्ययनको आधारमा परीक्षा दिने खुला विद्यालयका विद्यार्थीहरूलाई नियमित विद्यार्थीसँग दाँज्न नहुने भन्दै ननग्रेडेड बाँकी १७ जनाले आगामी साउन २९ गतेदेखि हुने पूरक परीक्षामा गेडिङ हुने विश्वास व्यक्त गर्नुभयो ।

विद्यालयका मावि इन्चार्ज विश्वेश्वर मानन्धरले नतिजा समग्रमा उत्साहजनकै भएको प्रतिक्रिया दिनुभयो । साधारणतर्फ २७ जना विद्यार्थीहरू अधिकांशत: गणित र लेखा विषयमा ननग्रेडेड भएका छन् । इन्चार्ज मानन्धरका अनुसार कमजोर विषयमा सञ्चालन गरिएको उपचारात्मक कक्षालाई वेवास्ता गर्दै आफूलाई अति आत्मविश्वास (ओभर कन्फिडेन्स) भएका विद्यार्थी मात्र ननग्रेडेड भएका हुन् । ती विद्यार्थीहरूको लागि अहिले पनि कक्षा सञ्चालन गरेर हामी सक्दो सघाउँछौं ।

| Bagiswori Secondary School | | | |
|---|---|---|---|
| SEE Result 2081 | | | |
| GPA Range | General | Technical | Total |
| 3.60 to <= 4.00 | 84 | 5 | 89 |
| 3.20 to < 3.60 | 84 | 19 | 103 |
| 2.80 to < 3.20 | 88 | 7 | 95 |
| 2.40 to < 2.80 | 15 | 0 | 15 |
| NG | 27 | 0 | 27 |
| Total | 298 | 31 | 329 |

माध्यमिक शिक्षा परीक्षा (बभभ)-२०८१ को नतिजा गत असार १३ गते प्रकाशित गरिएको छ । राष्ट्रिय परीक्षाबोर्ड परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) सानोठिमीका अनुसार कुल परीक्षार्थी ४ लाख ३८ हजार ८ सय ९६ मध्ये २ लाख ७१ हजार २ सय ९९ जना ग्रेडेड भएका छन् अर्थात ६१.८१ प्रतिशत उत्तीर्ण भएका छन् । गत वर्ष ४७.८७ प्रतिशतमात्र उत्तीर्ण भएको तुलनामा यस वर्ष १३.९४ प्रतिशत बढी विद्यार्थी उत्तीर्ण भएका छन् ।

बोर्डका अनुसार यस वर्ष जीपीए ३.६०-४.०० सम्मका विद्यार्थी ४८ हजार १ सय ७७, जीपीए ३.६० भन्दा मुनिदेखि ३.२० सम्मका ८१ हजार ३ सय ८५ जना छन् भने ३.२० भन्दा मुनि देखि २.८० सम्मका ८९ हजार १ सय २४ र जीपीए २.८० भन्दा मुनिदेखि २.४० सम्मका ४८ हजार ४ यस ७९ जना छन् । यस्तै २.४० भन्दा मुनिदेखि २.०० सम्मका ४ हजार १ सय २६ र जीपीए २.० भन्दा मुनिदेखि १.६० सम्मका ८ जनामात्र विद्यार्थी रहेका छन् ।

नतिजामा बताइएअनुसार गणित, विज्ञान, अङ्ग्रेजी र सामाजिक विषयमा तुलनात्मक रूपमा धेरै विद्यार्थी अनुत्तीर्ण भएका छन् । गणितमा १लाख २८ हजार २ सय १५ जना, अङ्ग्रजीमा ८० हजार ६ सय ७२, विज्ञानमा ७९ हजार २ सय ७१, सामाजिकमा ५३ हजार १ सय ८६, नेपालीमा ५४ हजार ७ सय ३५ अर्थशास्त्रमा ४२ हजार १ सय ५० र ऐ. गणितमा १८ हजार २ सय २२ विद्यार्थी अनुत्तीर्ण भएका छन् ।

गत वर्ष ५२ प्रतिशत विद्यार्थी अनुत्तीर्ण हुँदा शिक्षकहरूमाथि रिस पोखेका प्र.म. केपी ओली यसपालिको नतिजाबाट खुशी हुनुभएको छ । उहाँले सामाजिक सञ्जालमार्फत खुशी व्यक्त गर्नुभएको छ । तर शिक्षाविद विद्यानाथ कोइरालाले रातारात नतिजामा उल्लेखनीय सुधार आएकोमा आशङ्का व्यक्त गर्नुभएको छ । उहाँले कृपाङ्क थपेर नतिजामा सुधार गरेको हो कि ? भनी आशङ्का गर्दै उहाँले नतिजामा भन्दा पनि सिकाइमा सुधार ल्याउनुपर्नेमा जोड दिनुभएको छ । पढिखान नसकेका विद्यार्थीलाई गरिखाने सीप सिकाउनेतर्फ सरकारले ध्यान दिनुपर्छ कोइरालाको सरकारलाई सुझाव छ ।

# क्षमता अभिवृद्धि तालिम सम्पन्न




भक्तपुर । वागीश्वरी कलेजमा क्षमता अभिवृद्धिबारे भइरहेको तीनदिने तालिम जेठ १७ शनिबार सम्पन्न भएको छ । विश्वविद्यालय अनुदान आयोगको सहयोगमा भएको उक्त तालिम समापन कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले सबैको क्षमता उत्तिकै नहुने चर्चा गर्दै व्यक्ति व्यक्तिको क्षमता फरक फरक हुन्छ; तर म जतिको जान्ने कोही छैन भनी घमण्ड गर्न नहुने सुझाव दिनुभयो ।

आफ्नो कमजोरी प्राय: आफूलाई थाहा नहुनसक्छ; त्यस्तो अवस्थामा अरूले गर्ने आलोचनालाई आत्मालोचना गरेर आफूलाई सुधार्नुपर्ने हुन्छ भन्दै उहाँले यसरी नै अनेक आलोचनाहरूबाट सिक्दै आजको सुशासनयुक्त भक्तपुर बनेको हो भन्नुभयो ।

चालीस वर्ष पहिले भक्तपुर र हालको भक्तपुरबारे पूर्वन्यायाधीश प्रकाश वस्तीले तुलना

*बाँकी पृष्ठ ४ मा*

# बजेटबारे अन्तरक्रिया सम्पन्न




भक्तपुर । वागीश्वरी कलेज र वागीश्वरी कलेज अफ मानेज्मेन्टको अर्थशास्त्र विभागको संयुक्त आयोजनामा नेपाल सरकारद्वारा संसदमा प्रस्तुत आ.व. २०८२/८३ को बजेटबारे अन्तरक्रिया कार्यक्रम भयो । कार्यक्रममा कलेजका संयोजक ज्ञानसागर प्रजापतिले बजेट जतिसुकै राम्रो भए पनि सार्थक कार्यान्वयनबिना त्यसको खासै अर्थ नहुने बताउनुभयो ।

अर्थशास्त्रका विद्यार्थीहरूले नारायणमान बिजुक्छेंद्वारा लिखित 'आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास' पुस्तक पनि पढ्न सुझाव दिँदै संयोजक प्रजापतिले सरकारको परनिर्भर बजेटले देशको सार्वभौमिकता नै कमजोर हुने दृष्टान्तरहरू दिनुभयो ।

भ्रष्टाचार देशको महारोग भन्दै उहाँले भ्रष्टाचारविरुद्ध सरकारले कडा कदम चाल्न नसकेसम्म बजेट साँचो अर्थमा कार्यान्वयन हुँदैन भन्दै उहाँले शिक्षामा बजेट सबभन्दा बढी देखिए पनि प्रतिशतका दृष्टिले प्रत्येक वर्ष बजेट घटाउँदै ल्याएको बताउनुभयो । उहाँले शिक्षा मावि तहसम्म नि:शुल्क र अनिवार्य हुनुपर्ने र उच्च शिक्षा पनि नि:शुल्क हुनुपर्नेमा जोड दिँदै उहाँले विद्यार्थीहरूले सरकारको बजेटमा गरेको यो अन्तरक्रिया र निष्कर्ष प्रशंसनीय छ भन्नुभयो ।

वागीश्वरी कलेज अफ मानेज्मेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले बजेट प्रस्तुत गर्ने संसारको विभिन्न देशको उदाहरण दिँदै नेपालको इतिहासमा सुवर्ण समशेरले २००८ सालदेखि शुरु भएको जानकारी दिनुभयो । बजेटलाई आम जनताले आआफ्नो स्वार्थको आँखाले हेर्ने गरेको चर्चा गर्दै उहाँले बजेटबारे विद्यार्थीहरूले आत्मविश्वासका साथ प्रस्तुती दिएकोमा धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रममा वागीश्वरी अर्थशास्त्र विभागका प्रमुख मुरज दिदियाले समाजवाद उन्मुख संविधानअन्तर्गतको सरकारद्वारा प्रस्तुत बजेटले निजी क्षेत्रलाई आर्थिक संवाहक मान्नु विडम्वनापूर्ण छ भन्नुभयो ।

बजेटमा चालु खर्च ६० प्रतिशत र पुजीगत खर्च २० प्रतिशत मात्र हुनु अत्यन्त डरलाग्दो स्थिति हो भन्दै कर नतिर्नेहरूलाई दण्ड दिनुपर्नेमा झन कर छुट दिने सरकारी नीति गलत छ भन्दै उहाँले ४४.५ प्रतिशत नेपाली युवा बिदेसिनु चित्ताजनक छ भन्नुभयो ।

अर्थशास्त्र विषय शिक्षक बालगोपाल श्रेष्ठ बजेट कार्यान्वयनमा देखिएको ढिलासुस्ती अन्य हुनुपर्नेमा जोड दिनुभएको सो कार्यक्रममा विद्यार्थीहरू अनमोल दुङ्गाना, अनिता लिगल, सोनु तामाङ, प्रविणा तामाङ, रुवि स्यामाजु, रोजी प्रजापति र सुमित्रा कार्कीले बजेटका फरक फरक विषयमा सकारात्मक र नकारात्मक पक्ष माथि प्रकाश पार्नुभएको थियो ।






# अन्तरविद्यालय खोखोमा वागीश्वरी मावि प्रथम



कीर्तिपुर, १५ असार । कीर्तिपुर खो खो एकेडेमी र कीर्तिपुर नगरपालिका वडा नं. २ को संयुक्त आयोजनामा यहाँ भइरहेको उपत्यकाव्यापी अन्तर विद्यालयीय छात्र-छात्रा खो खो प्रतियोगितामा छात्रतर्फ वागीश्वरी मावि, भक्तपुर र छात्रातर्फ बालकुमारी मावि कीर्तिपुर प्रथम भएका छन् । स्थानीय कीर्तिपुर कभर्ड हलमा असार १२ गतेदेखि भइरहेको उक्त प्रतियोगितामा उपत्यकाका विभिन्न सात विद्यालयको सहभागिता रहेको बताइएको छ ।

प्रतियोगितामा छात्रतर्फ द्वितीय बालकुमारी मा.वि. भएको थियो छात्रातर्फ एसियन सेकेन्डरी स्कूल कीर्तिपुर द्वितीय भएको थियो । त्यस्तै तृतीयमा छात्र-छात्रा दुवैमा स्थानीय मङ्गल मावि भएको थियो ।

आयोजक २ नं. वडा समितिका वडाध्यक्ष रूपक महर्जनको आतिथ्यमा भएको पुरस्कार वितरण समारोहमा वागीश्वरी माविका राजु तामाङ सर्वोत्कृष्ट खेलाडी घोषित गरिएको थियो ।

# राष्ट्रव्यापी वक्तृत्वमा वागीश्वरी द्वितीय, तृतीय र सान्त्वना



काठमाडौं स्कुल अफा लका प्राचार्य प्रा.डा युवराज संग्रौलाका साथमा पुरस्कृत विद्यार्थीहरू क्रमशः बायाँबाट तेङजिङ डोल्मा, कृतिका, विनिता र लक्ष्मी ।

Kathmandu School of Law द्वारा आयोजित "देश विकासको प्रारम्भिक बहस" विषयक राष्ट्रव्यापी वक्तृत्वकला प्रतियोगितामा वागीश्वरीका विद्यार्थीहरू द्वितीय, तृतीय र सान्त्वना पुरस्कार जित्न सफल भएका छन् । गत असार ५ गते भएको उक्त प्रतियोगितामा झापाकी छात्रा कृतिका आचार्य प्रथम भएकी थिइन् । प्रतियोगितामा वागीश्वरी कलेज बीए चौथो वर्षकी विद्यार्थी तेङ्जिङ डोल्मा तामाङ द्वितीय, वागीश्वरी मा.वि. कक्षा १२ की विनिता तामाङ तृतीय र बीए दोस्रो वर्षकी विद्यार्थी लक्ष्मी तामाङले सान्त्वना पुरस्कार जित्न सफल भएका हुन् ।




गत जेठ २८ गते कपन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख भूमिदत्त पौडेल लगायतका प्रतिनिधिहरू वागीश्वरी कलेज, तुमचो कमलविनायकमा उद्यमशीलता सहयोग कार्यक्रमबारे पाठ्यक्रम निर्माणदेखि कार्यक्रम सञ्चालनसम्मका बारेमा जानकारी र अनुभव आदानप्रदानका लागि वागीश्वरी कलेजमा अवलोकन भ्रमणमा आउनुहुँदा खिचिएको सामूहिक फोटो ।

*क्षमता अभिवृद्धिबारे ...*

गर्दै हालको स्वच्छ भक्तपुरको मूल कारण सुशासन भनी लेखेको पनि उहाँ ले स्मरण गर्नुभयो । सोही सन्दर्भमा हालैमात्र 'नागरिक' दैनिकले 'सुशासन हेर्न भक्तपुर जाऔं' भनी सम्पादकीय नै लेखेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "सिक्ने र सिकाउने कहिल्यै नटुङ्गिने प्रक्रिया हो ।"

सरकारले शिक्षामा बर्सेनि बजेट घटाउँदै लगेकोमा विमति जनाउँदै विद्यालय मर्ज गर्ने सरकारी नीति गलत छ भन्नुभयो ।

पूर्वाधार हुँदाहुँदै पनि सरकारले ख्वप विश्वविद्यालय विधेयकलाई बेवास्ता गरेको आक्रोश व्यक्त गर्दै उहाँले सरकारको बजेटबाट निजी क्षेत्र खुसी भएको हुँदा यो आम गरिब जनताको सरकार हैन भन्ने पुष्टि हुन्छ भन्नुभयो ।

घरदैलो नर्सिङ सेवाबाट प्राप्त तथ्याङ्ककै आधारमा शैक्षिक ऋण र ठाउँठाउँमा शारीरिक व्यायामशालाहरू बनाएको चर्चा गर्दै उहाँले अनुसन्धान पैसा कमाउनु हेतुले भन्दा पनि देश र जनताको सेवा गर्ने हेतुले गर्नुपर्ने बताउनुभयो ।

उद्घाटन सत्रका प्रमुख अतिथि नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईले व्यक्तिको विचार नै व्यक्तित्वको मूल आधार भएको विचार व्यक्त गर्नुभयो । उहाँले अगाडि भन्नुभयो- 'तालिममा सिकेका सिप भोलिका दिनमा व्यवहारमा यहाँहरूले उतार्नु हुने नै छ ।'

कोही पनि व्यक्ति सर्वज्ञाता बन्न खोज्नुजस्तो मुर्खता अरू केही नहुने चर्चा गर्दै आत्म समीक्षा गरेर अघि बढ्न सके हामीबाट कम गल्ती हुनेछ उहाँले भन्नुभयो ।

सुझबुझको अभाव नै हाम्रो आजको समाजको समस्या भएको भन्दै उहाँले अब विद्यालय वा कलेज मात्र सिक्ने थलो हुनुहुँदैन भन्नुभयो ।

व्यक्तिको मात्र नभई संस्थाको व्यक्तित्वमा पनि विशेष ध्यान दिनुपर्ने उल्लेख गर्दै उहाँले संस्थाको व्यवस्थित व्यवस्थापनले हाम्रो सांस्कृतिक उचाइ बढ्नेमा प्रकाश पार्नुभयो ।

प्रधानमन्त्रीजस्तो व्यक्तिले 'एमालेले काठमाण्डौं कब्जा गर्ने' अभिव्यक्ति दिनु उचित नभएको भन्दै उहाँले बागमती प्रदेशका पूर्वमुख्यमन्त्रीहरूमै ठोस राजनीतिक दृष्टिकोणको अभाव भएको दृष्टान्त दिनुभयो ।

सत्तापक्षीय सांसदहरूलाई नै प्रदेश प्रमुख को हो भन्ने जानकारी नहुनु र प्रदेश प्रमुखलाई गर्ने व्यवहारमा शिष्टाचारको अभाव देखिनु सबै संस्थाको व्यक्तित्वसित सम्बन्धित विषय हुनु उहाँले भन्नुभयो ।

कार्यक्रममा कलेजका संयोजक ज्ञानसागर प्रजापतिले उच्च दक्ष क्षमता नै मानिसको व्यक्तित्वको आधार हो भन्दै तालिममा सहभागी मित्रहरूमा अब विभिन्न विषयमा राष्ट्रिय अन्तर्राष्ट्रिय सम्मेलन गर्ने क्षमता वर्तमान कलेजको आवश्यकता हो भन्नुभयो ।

तालिममा सिकेका सीप व्यवहारमा नउतारे तालिम लिनु निरर्थक हुने पनि उहाँले बताउनुभयो ।

वागीश्वरी कलेज आरएमसीका इन्चार्ज प्रा.डा. सिद्धिवीर कर्माचार्यको सभापतित्वमा भएको उक्त कार्यक्रममा वागीश्वरी माविका प्रअ कृष्णप्रसाद कर्माचार्य, तालिमका सहभागीद्वय रविन मानन्धर (काभ्रे बहुमुखी क्याम्पस) र सुशीला घजु (वागीश्वर कलेज) ले तालिमको अनुभव सुनाउँदै सिकेको सीप व्यवहारमा उतार्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

कलेजका प्राचार्य धनकुमार श्रेष्ठले आगामी दिनमा हुने हरेक कार्यक्रममा यस्तै उत्साहजनक सहभागिताको अपेक्षा गर्दै सहयोगी विश्वविद्यालय अनुदान आयोगप्रति आभार व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूलाई अतिथि प्रजापतिले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

## सम्पादकीय

# एसईई ग्रेडेड विद्यार्थीहरूलाई हार्दिक बधाई !

एसईई २०८१मा ग्रेडेड हुन सफल सम्पूर्ण विद्यार्थीहरूलाई बधाईका साथ आगामी कक्षा ११-१२ को पनि सफलताको लागि हार्दिक शुभकामना !

गत वर्षभन्दा १३.९४ प्रतिशत बढी विद्यार्थी ग्रेडेड हुँदा यस वर्ष ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएकोमा मिश्रित प्रतिक्रिया पाइएको छ । गत वर्ष ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएकोमा प्रम ओलीले एक सार्वजनिक कार्यक्रममै शिक्षकहरूमाथि रिस पोख्नु भएको थियो । सोही सन्दर्भमा उहाँले आगामी वर्षका नतिजा ७० प्रतिशतको अपेक्षा गर्नुभएको थियो । उहाँकै अपेक्षाअनुसार नतिजा सुधारिएको वा वास्तवमै विद्यार्थीको सिकाइमै सुधार भएको हो भन्नेबारे शैक्षिक क्षेत्रमा व्यापक छलफल हुन थालेको पाइन्छ । यदि प्रमको चित्त बुझाउनैका लागि मात्र नतिजा सुधारिएको भए त्यो सबैको लागि घातक सावित हुनेछ ।

त्यस्तै शिक्षा क्षेत्रका दातृराष्ट्र वा संस्थाहरूलाई देखाउनका लागि मात्र परीक्षा प्रणालीमा सुधार गरेर नतिजा उकासेको भए त्यो पनि कसैको लागि हितकर हुने छैन ।

परीक्षा जति संवेदनशील विषय हो त्योभन्दा बढी संवेदनशील हुन्छ त्यसको नतिजा । त्यसैले हरेक नतिजाको विश्लेषण हुनु आवश्यक छ । यस वर्षको नतिजाले पनि देशमा गणित, विज्ञान, अङ्ग्रेजी, सामाजिक विषय तुलनात्मक रूपले कमजोर भएको देखायो । ती विषयमा देशमा पर्याप्त शिक्षक दरबन्दी नपुगको परिणाम यस्तै त हुन्छ भन्ने विश्लेषण पनि गरिएको छ । देशमा २०५७ साल पछि एउटा पनि शिक्षक दरवन्दी थप गरिएको छैन । जबकी एक कार्यदलले देशमा ६२ हजार भन्दाबढी दरबन्दी आवश्यक भनी धेरै वर्षअघि नै औल्याएको थियो ।

जेजस्तो स्थितिबाट भए पनि एसईईको सकारात्मक नतिजा घोषणा भएको छ । ग्रेडेड विद्यार्थीहरू उत्साहित भएका छन् । अब ग्रेडेड विद्यार्थीहरूले कक्षा ११ मा कसैको लहलहै, विज्ञापन झिलिमिली, ललाइफकाइमा नलागी आफ्नो आर्थिक र प्राज्ञिक क्षमता अनि रुचीको विषय रोजेर आगामी शैक्षिक यात्रा तय गर्दा राम्रो हुनेछ ।

वागीश्वरी मा.वि.मा विज्ञान, व्यवस्थापन, मानविकी, शिक्षा र प्राविधिक धार तर्फ डिप्लोमातर्फ सिभिल इन्जिनियरिङ्को पढाइ भइरहेकाले वागीश्वरी मा.वि. विद्यार्थीहरूको पहिलो रोजाइको शैक्षिक संस्था हुँदै आएको छ । देशका सर्वाधिक विद्यार्थी भएका सामुदायिक स्कुलमा वागीश्वरी मा.वि.नवौं स्थानमा पर्दछ । ४ हजारभन्दा बढी विद्यार्थीको रोजाइ हुनुको कारण वागीश्वरीको गुणस्तरीय शिक्षण सिकाइका साथै यहाँका अतिरिक्त क्रियाकलाप नै हुनुपर्छ भन्दा अतिशयोक्ति नहोला ।

## सम्पादक मण्डल

संरक्षक
मोहनप्रसाद प्रजापति
कृष्णप्रसाद धन्छा
धनकुमार श्रेष्ठ
कृष्णप्रसाद कर्माचार्य

सल्लाहकार
ज्ञानसागर प्रजापति
पूर्णभक्त दुवाल

सम्पादकमण्डल
एलिशा प्रजापति
सृष्टिकुमारी शाही
कोपिला वलन
प्रतिक्षा कटुवाल
सोनु खत्री
अनिशा सुनार
दीपिका न्यौपाने
सरिना बाडें




प्रकाशक: वागीश्वरी कलेज स्नातक तह तेस्रो वर्ष कार्यमूलक नेपाली पत्रकारिताका विद्यार्थी कार्यालय: वागीश्वरी कलेज, फोन नं.: ६६१८३१९, www.bagisworicollege.com.np, Email:bagisworicollege072@gmail.com, कम्प्युटर: रोशनी श्रेष्ठ , मुद्रक: इन्द्रेणी छापाखाना, मिबाछें